# स्थानीय राजपत्र

## सुन्दरहरैँचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड : १०** **सङ्ख्या : ३** **मिति : असार २४, २०८३**


**नगर सभाबाट पारित मिति : २०८३ असार १६**

**प्रमाणीकरण मिति : २०८३ असार २४**

# भाग-१

## सुन्दरहरैँचा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

सुन्दरहरैँचा नगरपालिकाबाट नागरिकहरूलाई गुणस्तरीय, भरपर्दो र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) को अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको नगर सभाको १८ औँ अधिवेशनले यो ऐन पारित गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# सुन्दरहरैँचा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

**प्रस्तावना :** सुन्दरहरैँचा नगरपालिकाबाट नागरिकहरूलाई गुणस्तरीय, भरपर्दो र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) को अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम 'सुन्दरहरैँचा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३' रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) 'नगरपालिका' भन्नाले सुन्दरहरैँचा नगरपालिकालाई सम्झनु पर्दछ।

(ख) 'व्यवस्थापन समिति' भन्नाले यस ऐनको दफा ४ बमोजिम गठन भएको सुन्दरहरैँचा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनको कार्यकारी समिति सम्झनु पर्दछ।

(ग) 'अस्पताल' भन्नाले सुन्दरहरैँचा नगर अस्पताल सम्झनु पर्छ।

(घ) 'अध्यक्ष' भन्नाले सुन्दरहरैँचा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ङ) 'सदस्य' भन्नाले व्यवस्थापन समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको सदस्य सचिव समेतलाई जनाउँछ।

(च) 'कार्यकारी निर्देशक' भन्नाले दफा ७ बमोजिम नियुक्त कार्यकारी निर्देशकलाई सम्झनु पर्छ। कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मका लागि सो शब्दले अस्पताल प्रमुखको रूपमा तोकिएको मेडिकल सुपरिटेन्डेन्ट समेतलाई बुझाउनेछ।

(छ) 'तोकिएको वा तोकिए बमोजिम' भन्नाले यस ऐनअन्तर्गत बनेको नियमानुसार तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) 'नगर प्रमुख' भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(झ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले सुन्दरहरैँचा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) 'कार्यपालिका' भन्नाले सुन्दरहरैँचा नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(ट) 'नगर सभा' भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको सुन्दरहरैँचा नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

**३. अस्पतालको सञ्चालन र छाप :** सुन्दरहरैँचा नगर अस्पताल सुन्दरहरैँचा नगरपालिकाबाट सञ्चालन हुनेछ। यसले आफ्नो नाममा सम्पत्ति खरिद, बिक्री, नालिस, उजुर गर्न सक्नेछ। सुन्दरहरैँचा नगर अस्पतालले प्रयोगमा ल्याएको छापलाई नै नगर अस्पतालको आधिकारिक छाप मानिनेछ।

**४. व्यवस्थापन समितिको गठन :** (१) सुन्दरहरैँचा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि उपदफा (२) बमोजिमको व्यवस्थापन समिति रहने छ।

(२) दफा ४ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :

(क) नगर प्रमुख — अध्यक्ष

(ख) नगर उप-प्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) नगर प्रमुखले मनोनयन गरेको स्वास्थ्य क्षेत्रमा योगदान गरेका १ महिला सहित २ जना — सदस्य

(ङ) अस्पताल रहेको वडाको वडा अध्यक्ष — सदस्य

(च) नगर प्रमुखले मनोनयन गरेको नगर कार्यपालिकाको महिला कार्यपालिका सदस्य १ जना — सदस्य

(छ) नगर कार्यपालिकाको कार्यालयको प्रशासन प्रमुख — सदस्य

(ज) कार्यकारी निर्देशक वा अस्पताल प्रमुख — सदस्य सचिव

(३) सुन्दरहरैँचा नगरपालिकामा जनप्रतिनिधिको पद रिक्त रहेको अवस्थामा वा निर्वाचनको माध्यमबाट पदाधिकारी पूर्ति नभएसम्मका लागि यस समितिको अध्यक्षता

प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ। अन्य जनप्रतिनिधिहरूको प्रतिनिधित्व रिक्तताको अन्तरिम व्यवस्थापन प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम हुनेछ।

(४) यस समितिको बैठकमा आवश्यकताको आधारमा विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ। अस्पताल केन्द्र रहेको क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्यलाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सकिनेछ।

(५) समितिमा मनोनयन भएका पदाधिकारीहरूको पदावधि मनोनयन भएको मितिले ४ वर्षको हुनेछ।

**५. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :</u>** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगर अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवालाई स्तरीय बनाउनका लागि अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमको मस्यौदा तयार गरी नगरपालिका समक्ष स्वीकृतिका लागि पेश गर्ने, गराउने।

(ख) अस्पताल व्यवस्थापनसम्बन्धी नीति, योजना तथा कार्यक्रमको मस्यौदा तयार गर्ने, गराउने।

(ग) अस्पतालको वार्षिक कार्यक्रम तथा बजेटको मस्यौदा तयार गरी स्वीकृतिका लागि नगरपालिका समक्ष पेश गर्ने, गराउने।

(घ) अस्पतालको भौतिक पूर्वाधारको विकास तथा विस्तार गर्ने वा गराउने सम्बन्धमा नीति निर्धारण गर्ने, गराउने।

(ङ) अस्पतालको चल अचल सम्पत्तिको संरक्षण, सञ्चालन तथा वृद्धिसम्बन्धी आवश्यक काम गर्ने, गराउने।

(च) अस्पतालको विकास तथा विस्तारका लागि आवश्यक सहयोग गर्ने, गराउने।

(छ) नेपाल सरकारको गरिब तथा असहायसम्बन्धी नीतिअनुरुप नि:शुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउन मापदण्ड स्वीकृत गर्ने, गराउने।

(ज) अस्पतालको सेवालाई आवश्यक पर्ने पद तथा दरबन्दी यकिन गरी स्वीकृतिका लागि नगरपालिका समक्ष पेश गर्ने, गराउने।

(झ) अस्पतालले प्रदान गर्ने सेवा शुल्क, फार्मेसी, ल्याब दररेटको प्रस्ताव तयार गरी वा गर्न लगाई स्वीकृतिका लागि पेश गर्ने, गराउने।

(ञ) स्वास्थ्यसम्बन्धी विभिन्न अनुसन्धान एवम् आवश्यक तालिम सञ्चालन गर्ने, गराउने।

(ट) अस्पतालको प्रशासनिक नियन्त्रण गर्ने, गराउने।

(ठ) अस्पतालको सम्पत्ति संरक्षण गर्ने, गराउने।

(ड) अस्पतालको आर्थिक नियन्त्रण गर्ने, गराउने।

(ढ) अस्पतालको स्रोत, क्षमता, सम्भावना र सेवा क्षेत्रका आधारमा गुणस्तर वृद्धिका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने।

(ण) अस्पतालको सेवाको निरीक्षण, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कनका आधारमा पृष्ठपोषण गर्ने।

(त) सेवा प्रवाहमा कार्यरत जनशक्तिलाई कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डका लागि सिफारिस गर्ने।

(थ) अस्पतालको सेवा क्षेत्रभित्र घुम्ती शिविर लगायतका कार्यक्रम गर्ने र गर्नका लागि अनुमति प्रदान गर्ने।

(द) महामारी नियन्त्रण गर्ने कार्य गर्न लगाउने।

(ध) स्वास्थ्यजन्य विपद् व्यवस्थापन गर्न लगाउने।

(न) विशेषज्ञ जनशक्तिद्वारा सेवा सम्पादन गर्न परेमा सो का लागि आवश्यक निर्णय गर्ने र सेवा/सुविधा समेत निर्णय गर्ने।

(प) स्वास्थ्य सेवा प्रवर्द्धनसम्बन्धी अन्य कार्य गर्ने, गराउने।

(फ) अस्पताल सञ्चालन सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने।

**६. व्यवस्थापन समितिको बैठक र निर्णय :** (१) सुन्दरहैँचा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिका एक तिहाई सदस्यहरूले बैठक बोलाउनका लागि लिखित रूपमा माग गरेमा सदस्य सचिवले सो को जानकारी अध्यक्षलाई गराई समितिको बैठक बोलाउनु पर्नेछ।

(३) व्यवस्थापन समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ।

(४) व्यवस्थापन समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपप्रमुख वा उपप्रमुखको पनि अनुपस्थिति भएमा प्रमुख प्रशासकीय अधिकृतले बैठकको अध्यक्षता गर्नेछ।

(६) व्यवस्थापन समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) व्यवस्थापन समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(८) व्यवस्थापन समितिले आवश्यक देखेमा विशेषज्ञहरूलाई विशेषज्ञको रूपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) कार्यकारी निर्देशकको सिफारिस गर्ने।

(१०) बैठकमा उपस्थित सदस्यहरूलाई बैठक बसेको अवस्थामा कार्यपालिका सदस्यले प्राप्त गरे बमोजिमको बैठक भत्ता प्रदान गरिनेछ।

(११) व्यवस्थापन समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

**७. कार्यकारी निर्देशक :** (१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन, नियन्त्रण र समन्वयमा काम गर्ने गरी सुन्दरहरैँचा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले नगर अस्पतालको प्रमुखको रूपमा काम गर्ने एक कार्यकारी निर्देशक तोक्नेछ। निजले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन, नियन्त्रण र

समन्वयमा अस्पताल प्रमुख वा मेडिकल सुपरिटेन्डेन्टको रूपमा रही तोकिएका अन्य कामहरूका अतिरिक्त अस्पतालको दैनिक कार्य सञ्चालन गर्नेछ ।

(२) कार्यकारी निर्देशकको नियुक्ति कानून बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(३) अस्पतालको आर्थिक तथा प्रशासनिक अधिकारको प्रयोग नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत वा निजबाट प्रत्यायोजित अधिकार बमोजिम हुनेछ ।

(४) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा सेवाका सर्तहरूसम्बन्धी व्यवस्था कानून बमोजिम हुनेछ ।

८. **संगठन संरचना र कर्मचारी व्यवस्थापन :** (१) नगर अस्पतालको संगठन संरचना नगरपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) अस्पताल कर्मचारीहरूको व्यवस्थापन र सञ्चालन कानून बमोजिम हुनेछ ।

(३) अस्पतालको कर्मचारीको व्यवस्थापन र सञ्चालनको अधिकार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा हुनेछ ।

**९. कोष, खाता तथा खरिद प्रक्रिया सञ्चालन :** (१) नगर अस्पतालको आयव्यय चुस्तदुरुस्त राख्न प्रमुख प्रशासकीय अधिकृत र नगर कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन प्रमुख वा आर्थिक प्रशासन शाखामा कार्यरत लेखा समूहको कर्मचारीको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

(२) अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ । सो खाता प्रचलित कानून बमोजिम सञ्चालन हुनेछ ।

(४) अस्पतालको आर्थिक कारोबारको जिम्मेवारी र जवाफदेहिता प्रचलित कानून बमोजिम हुनेछ ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्चसम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख

तथा जिन्सी व्यवस्थापन, आयव्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्यौंट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधिसम्बन्धी कानून बमोजिम हुनेछ।

(६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, औषधि तथा औषधिजन्य पदार्थ, ल्याब सामग्री, सर्जिकल सामग्री, परामर्श सेवा र अन्य सेवाको खरिदसम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ का साथै सुन्दरहरैँचा नगरपालिकाबाट स्वीकृत खरिद सम्बन्धी कानून/मापदण्ड बमोजिम हुनेछ।

(७) माथि जुनसुकै कुरा उल्लेख भएको भए तापनि सुन्दरहरैँचा नगर अस्पतालले नगर सभाबाट बजेट स्वीकृत नगरी/नगराई खर्च लेख्न पाइने छैन।

(८) अस्पतालको खरिद प्रक्रियालाई सरल, सहज र सार्वजनिक खरिद ऐन, २०६३ को प्रावधानअनुरुप सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम खरिद इकाई गठन हुनेछ।

**१०. <u>लेखा परीक्षण :</u>** (१) प्रचलिन कानून बमोजिम अस्पतालको आयव्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम हुनेछ।

(२) आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ।

(३) समितिको अन्तिम लेखापरीक्षण नगरपालिकाको स्रेस्तासँगै महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

**११. <u>वार्षिक प्रतिवेदन :</u>** (१) अस्पतालले तोकिए बमोजिमको विवरण खुलाई मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्नु पर्नेछ। उल्लिखित प्रतिवेदन पेश गर्ने दायित्व अस्पताल प्रशासन प्रमुखको हुनेछ।

(२) अस्पतालबाट प्राप्त प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिकाको बैठक समक्ष प्रस्तुत गर्नु पर्नेछ।

(३) कार्यपालिकाले प्राप्त प्रतिवेदन विस्तृत अध्ययन गरी सुझावसहित पेश गर्नुपर्ने भएमा सुशासन समितिमा पठाउनु पर्नेछ।

(४) सुशासन समितिले सुझाव वा सुधारसम्बन्धी कुनै विषय भएमा कार्यपालिकाको बैठक समक्ष पेश गर्नु पर्नेछ। कार्यपालिकाको बैठकबाट प्राप्त निर्देशन प्रमुख प्रशासकीय अधिकृतमार्फत अस्पतालको कार्यकारी निर्देशकलाई कार्यान्वयनका लागि लेखि पठाउनु पर्नेछ।

**१२. उपसमिति गठन गर्न सक्ने :** (१) व्यवस्थापन समितिले आफ्नो काम कारबाही सुचारु रूपले सम्पन्न गर्नका लागि आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमितिको कार्यक्षेत्र, सर्त तथा कार्यविधि सो उपसमिति गठन गर्दाका बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको उपसमितिको बैठक भत्ता अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठक भत्ता सरह हुनेछ।

**१३. अधिकार प्रत्यायोजन :** व्यवस्थापन समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताका आधारमा केही अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१४. निर्देशन दिन सक्ने :** सुन्दरहरैँचा नगरपालिकाले अस्पताललाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु अस्पतालको कर्तव्य हुनेछ।

**१५. नेपाल सरकार समक्ष सम्पर्क :** अस्पतालले नेपाल सरकारसँग सम्पर्क राख्दा सुन्दरहरैँचा नगरपालिकामार्फत राख्नु पर्नेछ।

**१६. व्यवस्थापन समितिको कार्यालय :** सुन्दरहरैँचा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि यस ऐन बमोजिम गठन भएको समितिको कार्यालय सुन्दरहरैँचा नगर अस्पतालको हाताभित्र रहनेछ।

**१७. कानून बनाउन सक्ने :** यस ऐनको अधीनमा रही सुन्दरहरैँचा नगरपालिकाको कार्यपालिकाले नगर अस्पताल सञ्चालनका लागि आवश्यक नियमावली, कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**१८. <u>बचाउ :</u>** (१) यो ऐन प्रारम्भ हुनुअघि सुन्दरहरैँचा नगर अस्पतालले गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) यस ऐन प्रारम्भ हुनुभन्दाअघि सुन्दरहरैँचा नगरपालिकाले अस्पताल सञ्चालनका लागि आवश्यकता महसुस गरी सेवा करार र ज्यालादारीमा नियुक्ति गरेका कर्मचारीहरू यसै ऐन बमोजिम नियुक्त भएको मानिनेछ।

(३) यस ऐन प्रारम्भ हुँदाको बखत अस्पतालले प्राप्त गरेको चल अचल सम्पत्ति वा उल्लिखित चल अचल सम्पत्तिको हक अधिकार सुन्दरहरैँचा नगरपालिकाको अधीनमा सर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा पहिले सेवा सुधार र स्तरोन्नतिका लागि नगर कार्यपालिकाको कार्यालय, सुन्दरहरैँचा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका साथै सो समितिका अध्यक्षबाट भए गरेका निर्णयहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

**१९. <u>खारेजी :</u>** सुन्दरहरैँचा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ खारेज गरिएको छ । यस ऐन प्रारम्भ हुँदाका बखत उल्लिखित कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।